Vol. 4 | Issue 1, 2025
DOI : https://doi.org/10.3126/tmj.v4i1.87441

शिक्षक अभिभावको दृष्टिमा मातृभाषामा शिक्षा कार्यक्रम

देवी श्रीस
ग्राजुएट स्कुल अफ एजुकेसन, नेपाली शिक्षा शिक्षार्थी,
त्रि.वि., कीर्तिपुर
email: *shreeshdevi108@gmail.com*

Received : May 14, 2025 Revised : June 30, 2025 Accepted : September 15, 2025

लेखसार

मातृभाषामा शिक्षा कार्यक्रमको अभिप्राय बालबालिकाहरूले घरपरिवारमा जुन भाषा बोलिरहेका छन् विद्यालयमा पनि सोही भाषामा पठनपाठन गर्ने अवसर प्रदान गर्नु भन्ने हो। यो अध्ययन मातृभाषामा पठनपाठन हुने विद्यालयमा मातृभाषा शिक्षणको वस्तुस्थिति पहिचान गर्नमा केन्द्रित रहेको छ। अध्ययन गुणात्मक ढाँचामा अधारित छ। मातृभाषामा शिक्षणको स्थितिलाई स्थानीय पाठ्यक्रमको रूपमा, संस्कृति संरक्षणको रूपमा, सिकाइ प्रकृतिको रूपमा, नीतिगत कार्यान्वियनको रूपमा र चुनौतीको रूपमा जस्ता उपशीर्षक वा थिममा आधारित रहेर आगमन विधिबाट गहन अन्तर्वार्ताको माध्यमबाट सामग्री सङ्कलन गरिएको छ। सङ्कलित सामग्रीको व्यख्या विश्लेषण गरी निष्कर्षमा पुगिएको छ। मातृभाषामा पठनपाठन हुने विद्यालयमा मातृभाषा शिक्षण स्थानीय पाठ्यक्रमको रूपमाम स्थानीय ज्ञान, सिप, प्रविधि, र दक्षताको प्रयोग गरी स्थानीय बालबालिकालाई परिवारिक भाषिक वातावरणमा शिक्षा दिइएको पाइएको छ। स्थानीय भाषा संस्कृतिको पहिचान र प्रवर्धन गरिएको छ। मातृभाषामा पठनपाठन गर्दा विद्यार्थीले सरल, सहज, स्वाभाविक र प्रभावकारी सिकाइले सिकाइ उपलब्धि बढेको पाइनुका साथै सरकारको नीति तथा कार्यक्रममा टेवा पुगेको अनि मातृभाषामा शिक्षाप्रति अभिभावकमा भ्रम, अङ्ग्रेजीप्रतिको मोहले मातृभाषामा थप चुनौती सिर्जना भएको आदि यस अध्ययनका निष्कर्ष हुन्। मातृभाषामा शिक्षाप्रति जिज्ञासु, अनुसन्धाता, लेखक, पाठक र विद्यार्थी वर्ग लागि यस लेख सहयोगी बन्न सकेमा यसको उपादेयता देखिने छ।

शब्दकुञ्जी : *पाठ्यक्रम, भाषिक वातावरण, मातृभाषा, शिक्षण सिकाइ, संस्कृति*

विषय प्रवेश

नेपाल भौगोलिक दृष्टिले सानो भए तापनि भाषा, संस्कृति सामाजिक दृष्टिले अत्यन्तै समृद्ध राष्ट्र हो । नेपाललाई विविध जातजाति, संस्कृति, रीतिरिवाज, चालचलन र भाषाभाषीको साझा फूलबारीको रूपमा पनि लिइन्छ । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा जातजातिको सङ्ख्या १४२ अनि मातृभाषाहरूको सङ्ख्या १२४ रहेको देखिन्छ । नेपालमा रहेका विभिन्न जातजातिले विभिन्न भाषा परिवारको भाषा बोल्ने गरेको पाइन्छ । पौड्याल (२०८१) का अनुसार नेपालमा भारोपेली, भोटबर्मेली, आग्नेसियाली र द्रविड भाषा परिवारका भाषाहरू र एकल भाषा परिवारका भाषा बोलिन्छन् । नेपालका यी चार भाषा परिवारमा नमिल्ने एकल भाषा कुसुण्डा भाषा हो । यी भाषाहरूका ठाउँ, जात र भाषाअनुसार आआफ्नै सामाजिक, सांस्कृतिक एवम् भाषिक मूल्य मान्यता रहेका छन् । प्रायजसो जातजातिका आफ्नै जातीय भाषा पाइन्छन् । मातृभाषाका रूपमा विभिन्न भाषाहरूको प्रयोग गरिन्छ । नेपाल बहुभाषिक मुलुक भए पनि वर्तमान अवस्थासम्म नेपाली भाषालाई नै शिक्षा, सञ्चार र प्रशासनको माध्यम भाषाको रूपमा प्रयोग भइरहेको छ । बहुभाषिक शिक्षा कार्यान्वन निर्देशिका २०६६ ले सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा मातृभाषामा दिन सकिने व्यवस्था गरेको छ । सोही निर्देशिकाको आधारमा खास गरी आधारभूत तह कक्षा १–५ र केही विद्यालयमा माथिल्ला कक्षामा मातृभाषामा पठनपाठन सुरू भएको पाइन्छ ।

नेपाल बहुपहिचानयुक्त राष्ट्र भएकाले यहाँ विभिन्न जातजाति, भाषा, धर्म र संस्कृति मान्ने मानिसहरूको बसोबास छ । नेपालमा १२४ भाषाहरू भए पनि अहिलेसम्म केही भाषाबाहेक अन्य भाषाहरूको भाषावैज्ञानिक र समाजभाषिक अध्ययन हुनसकेको पाइँदैन । त्यसकारण पनि भाषासम्बन्धी अध्ययनको लागि राष्ट्रिय जनगणनाको भाषिक तथ्याङ्कलाई नै आधिकारिक मान्नु पर्दछ ।

नेपालले भाषिक विविधताको सम्बोधनका लागि राष्ट्रिय अन्तर्राष्ट्रिय सन्धि महासन्धिमा प्रतिबद्धता जाहेर गरिसकेको अवस्था छ । नेपालले अन्तर्राष्ट्रिय रूपमा मानव अधिकारको विश्वव्यापी घोषणापत्र (सन् १९४८), बालअधिकारसम्बन्धी महासन्धि (सन् १९८९) र आदिवासी अधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय घोषणापत्र (सन् २००७) जस्ता सन्धिसम्झौतामा प्रतिबद्धता जनाइसकेको छ । त्यसैगरी राष्ट्रिय रूपमा नेपालको संविधान २०७२ को मौलिक हकअन्तर्गत धारा ३१ को उपधारा ५ को शिक्षासम्बन्धी हकमा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ (पृ. १४) भनेर व्यवस्था गरेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ ले पाठ्यक्रमको राष्ट्रिय खाकाका आधारमा विद्यालयले नै स्थानीय भाषामा पाठ्यक्रम तथा पाठ्यसामग्री निर्माण गरी लागु गर्न सक्ने व्यवस्था गरेको छ । त्यसैगरी बहुभाषिक शिक्षा कार्यान्वयन निर्देशिका २०६६ ले बहुभाषिक शिक्षासम्बन्धी स्पष्ट नीतिगत व्यवस्था गरेको छ । यसले मातृभाषाको माध्यमबाट शिक्षण सिकाइ गरिने विद्यालयमा वा नेपाली, अङ्ग्रेजी माध्यमबाट शिक्षण गरिने विद्यालयमा विषयको रूपमा मातृभाषा शिक्षण गर्न सकिने रणनीति अघि सारेको छ ।

नेपाल सरकारले फिनल्यान्ड सरकारको सहयोगमा वि. सं. २०६४ देखि २०६६ सम्म नेपालका ७७ मध्ये जम्मा छओटा जिल्लाका सात विद्यालयका आठ भाषामा बहुभाषिक शिक्षा कार्यक्रम परीक्षण गरिसकेको छ । यसरी परीक्षण भएको बहुभाषिक शिक्षा कार्यक्रममा सुरुका वर्षहरूमा कक्षा छोड्ने तथा कक्षा दोहोर्‍याउने सङ्ख्या कम भएको, विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि भएको, विद्यार्थी सङ्ख्या बढेको र विद्यार्थीले रमाइ रमाइ सिकेको (शैक्षिक जनशक्ति विकास केन्द्र, २०७२) जस्ता सकारात्मक तथ्य बाहिर आएका छन् । वर्तमान समयमा देशैभरि नेपाल सरकार, विभिन्न जातिय सङ्घसंस्थाका साथै विभिन्न जातीय एवम् भाषिक समुदायको सक्रियतामा मातृभाषामा शिक्षा विस्तार हुँदैआएको छ । पछिल्ला वर्षहरूमा मातृभाषी विद्यालयमध्ये केही विद्यालयहरूमा अभिभावकको गुनासो र अङ्ग्रेजी मोहले गर्दा अङ्ग्रेजी माध्यम अपनाइएको, मातृभाषाप्रतिको आकर्षण कम

भएको, मातृभाषामा शिक्षा प्रभावकारी नभएको जस्ता समस्या र चुनौती देखिन थालेको कुरा विभिन्न अनुसन्धानबाट प्राप्त भएको छ।

मातृभाषामा पठनपाठन हुने विद्यालयमा मातृभाषाको शिक्षण सहज र प्रभावकारी हुनुपर्दछ । मातृभाषाको पठनपाठनमा विद्यार्थीहरूले आफ्नै मातृभाषा, संस्कृति तथा सामाजिक परिवेश पाउनाले पनि उनीहरूको सिकाइ सरल र सहज हुनसक्छ । मातृभाषामा शिक्षा सुरुवाती चरणमा नै रहेकोले यसको प्रभावकारिता, मातृभाषाको पाठ्यक्रम, पाठ्यपुस्तकका साथै शैक्षिक सामग्रीको निर्माण र प्रयोगको अवस्था, सरकार र विद्यालयमा आवश्यक स्रोत साधनको व्यवस्थापन, शिक्षक, विद्यार्थी र अभिभावकको रुचि आदि क्षेत्रमा निकै कम अध्ययन भएको पाइन्छ। यस लेखमा मातृभाषामा पठनपाठन हुने विद्यालयको भाषिक, सामाजिक र सांस्कृतिक वातावरण र तिनले मातृभाषाको सिकाइमा पार्नसक्ने प्रभाव आदि समस्या पहिचान गरी अध्ययन गरिएको छ।

प्रस्तुत लेखको मुख्य उद्देश्य मातृभाषामा पठनपाठन हुने विद्यालयमा मातृभाषा शिक्षणको अवस्थाको अध्ययन गर्नु रहेको छ । यसमा मातृभाषाको पठनपाठनको अवस्थालाई शिक्षक, अभिभावक, विद्यार्थी, व्यवस्थापन पक्ष र स्थानीयको दृष्टिकोणलाई अध्ययन गरी प्राप्त तथ्यको विश्लेषणपश्चात् निष्कर्ष निकालिएको छ।

नेपाल बहुजातीय र बहुभाषिक मुलुक भएकाले यहाँ बसोबास गर्ने विभिन्न जातजातिहरूको आफ्नै मातृभाषा छ। उनीहरूको घरपरिवार र आफ्नो जातीय समुदायसँग दैनिक भाषिक व्यवहार आफ्नै मातृभाषामा हुने गर्दछ । विद्यालय उमेरका बालबालिकाहरूको भाषिक व्यवहार पनि मातृभाषामा नै हुने गर्दछ । बालबालिका विद्यालय प्रवेश गर्दा मातृभाषामा नै कुराकानी गरेका हुन्छन् तर हाम्रा विद्यालयहरूमा बहुभाषिक र मातृभाषीमैत्री बन्न सकिरहेको देखिँदैन । बालबालिकाले विद्यालयमा अपनत्व र सुरक्षित महसुस गरेनन् भने उनीहरू विद्यालयमा रमाउन सक्दैनन् । त्यसकारण सरकारले बहुभाषिक शिक्षा नीति र मातृभाषामा शिक्षानीति लिएको देखिन्छ। यस अध्ययन मातृभाषामा पठनपाठन हुने विद्यालयमा मातृभाषामा शिक्षणको अवस्था वर्तमान समयमा के कस्तो रहेको छ त भन्ने विषयसँग सम्बन्धित रहेकाले मातृभाषामा शिक्षासम्बन्धी अध्ययन गर्न चाहनेहरूका लागि उपयोगी हुने देखिन्छ । मातृभाषामा शिक्षासँग सम्बद्ध अध्येता, शिक्षक, नीतिनिर्माता, पाठ्यक्रम तथा पाठ्यसामग्री निर्माता, बहुभाषिक शिक्षाका प्रयोक्ता, मातृभाषी शिक्षाका प्रयोक्ता, विभिन्न जाति–भाषिक सङ्घसंस्था एवम् स्वतन्त्र अध्येताका लागि यस लेख मार्गदर्शन हुने ठानिएको छ।

सैद्धान्तिक पर्याधार

नेपालमा भौगोलिक, सांस्कृतिक, पर्यावरणीय तथा जैविक विविधता अनुरूपकै भाषिक विविधता पनि रहेको छ। यादव (२०७४) ले नेपाललाई बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक विविधताले युक्त दक्षिण एसियाली राष्ट्रको रूपमा चिनाएका छन् । समुदायमा रहेका मानिसका जीवनशैली नै संस्कृतिको द्योतक भएकाले भाषा पनि एक प्रकारको संस्कृति नै हो । यहाँको बहुभाषिकता र बहुजातीयता बिचको अन्तरसम्बन्धले वक्ताहरूले भाषालाई आफ्नो संस्कृतिको रूपमा मान्ने गरेका हुन्छन्। भौगोलिक आधारमा पनि नेपालको मातृभाषामा विविधता पाइन्छ। "सामाजिक, सांस्कृतिक, राजनैतिक र भौगोलिक कारणले गर्दा प्रत्येक समाजका मान्यता, परम्परा र जीवनपद्धति नै बेग्लाबेग्लै भएजस्तै त्यस्ता प्रयोजन र पद्धतिलाई बहन गर्ने भाषा पनि फरक हुन्छन्" (घिमिरे, २०६५, पृ. ६४)। सामाजिक तथा सांस्कृतिक वातावरणले भाषालाई विविधतायुक्त बनाउँछ।

विद्यालय विभिन्न विषयको शिक्षण सिकाइ व्यवहार सञ्चालन गर्ने स्थल हो । यो सामाजिक र सांस्कृतिक पुँजी निर्माणस्थलका रूपमा रहने हुनाले सांस्कृतिक उत्पादनको प्रमाणीकरण स्थल, सिप सिक्ने स्थल, प्रतिस्पर्धा गर्ने स्थल, अनुशासन कायम गर्ने स्थल र उत्कृष्टता प्रमाणित गर्ने स्थलको रूपमा लिइने गरिएको छ। "मातृभाषा र संस्कृति जीवन्तताको संवाहकसँगै जोडिएको हुन्छ, सांस्कृतिक गतिविधि नभई भाषामा सम्बन्धित शब्द हुँदैनन्।

साथसाथै रीतिरिवाज र नाचगान नभई त्यससँग सम्बन्धित शब्द र साहित्य लेखिँदैन" (विजुक्छे, २०७७) । संस्कृतिभित्र भाषा पनि रहने भएकोले मातृभाषाको उत्थानमा विद्यालयको महत्त्वपूर्ण भमिका रहने कुरा बुझिन्छ।

बहुभाषिक राष्ट्र नेपालमा नेपाली भाषाबाहेक अन्य मातृभाषा हुने व्यक्तिहरूले भिन्न भिन्न मातृभाषा बोल्छन् । "मातृभाषामा शिक्षा भन्नाले विद्यार्थीको पहिलो भाषा वा उसले घरमा बोल्ने भाषालाई विद्यालयमा शिक्षण सिकाइको माध्यम भाषाको रूपमा प्रयोग गरिएको अवस्थालाई जनाउँछ" (शैक्षिक जनशक्ति विकास केन्द्र, २०७२, पृ. ४) । मातृभाषामा पढाइ हुँदा विद्यार्थीले आफ्नो अनुभवलाई शिक्षासँग जोडेर सहज रूपमा सिक्न सक्छ । "नेपालको सनदर्भमा मातृभाषामा शिक्षा भनेको पाठ्यक्रमले तोकेको विषयवस्तुहरू जस्तै : सामाजिक अध्ययन, गणित, विज्ञान आदिलाई विद्यार्थीको मातृभाषाका माध्यमले शिक्षण सिकाइ गराउनु हो" (शैक्षिक जनशक्ति विकास केन्द्र, २०७२) । भाषा विषयबाहेक अन्य विषयलाई मातृभाषाको प्रयोग गरेर पठनपाठन गर्नु नै मातृभाषामा शिक्षा हो । एकल भाषिक कक्षाकोठा भएमा मातृभाषामा शिक्षा बढी प्रभावकारी हुने देखिन्छ । "बालबालिकाले घरपरिवारमा बाल्ने मातृभाषाका माध्यमबाट विद्यालयमा शिक्षण सिकाइ गराउनुलाई 'मातृभाषामा शिक्षा' भनिन्छ र मातृभाषा विषयको रूपमा शिक्षण सिकाइ गराइने पद्धतिलाई 'मातृभाषाको शिक्षा' भनिन्छ" (तामाङ, २०६९, पृ. ९३-९४) । बालबालिकाले घरपरिवारमा बोल्ने भाषालाई प्रयोग गरेर अन्य विषयको पठनपाठन हुने शिक्षा मातृभाषामा शिक्षा हो भने विषयको रूपमा पठनपाठन हुने शिक्षा मातृभाषाको शिक्षा हो । कक्षाकोठामा एउटै मातृभाषाका विद्यार्थीहरू छन् र उनीहरूकै मातृभाषाका माध्यमले शिक्षण सिकाइ प्रक्रिया सञ्चालन हुन्छ भने त्यसलाई मातृभाषामा शिक्षा भनिन्छ। "वास्तवमा कुनै पनि बालबालिकाले आफ्नो आधारभूत आवश्यकता पूरा गर्न घरपरिवारबाट सिकोको पहिलो भाषा मातृभाषा हो" (प्रधान, २०२१) । बालबालिकाले आफ्नो आवश्यकता पूरा गर्नका लागि सिकेको भाषामा शिक्षा हासिल गर्न पाएमा सिकाइमा सहजता हुने देखिन्छ।

विभिन्न विद्वान्हरूले मातृभाषामा प्रारम्भिक शिक्षा दिनु उपयुक्त ठानेका छन् । यस सन्दर्भमा शर्मा र पौडेल (२०६७) ले शिक्षाशास्त्रीहरूको भनाइमा प्रारम्भिक शिक्षा सम्बन्धित बालबालिकाहरूको मातृभाषाकै माध्यमले दिनु उपयुक्त हुन्छ भन्ने धारणा व्यक्त गरेका छन् । यस दृष्टिले पनि देशका तमाम बालबालिकाहरूलाई उनीहरूले स्थानीय स्तरमा बोल्ने भाषाकै माध्यमले प्राथमिक शिक्षा दिई अग्रगामी शिक्षाका निम्ति बाटो प्रशस्त गर्न स्थानीय राष्ट्रभाषाहरूको सम्मानजनक व्यवहार र उपयोग गर्नुपर्छ। यस्ता भाषाहरूमा अन्तर्निहित संस्कृति, लोक साहित्य तथा परम्परागत ज्ञान भण्डारलाई सञ्चित गरेर राख्न र तिनको उपयोग गर्न सकेका खण्डमा राष्ट्रलाई अनेक फाइदाहरू हुन सक्छन् भनेर मातृभाषाको पक्षपोषण गरेका छन् । स्थानीय मातृभाषामा शिक्षा दिन सकियो भने स्थानीय राष्ट्रभाषाको पनि सम्मान हुने र शिक्षाको क्षेत्रमा अग्रगामी प्रगति हुने देखिन्छ । फ्याक (२०७५) ले अङ्ग्रेजी माध्यम नै गुणस्तरीय शिक्षा हो, अङ्ग्रेजी माध्यममा पढाउँदा अङ्ग्रेजी राम्रो हुन्छ, मातृभाषाको प्रयोगले सिकाइ कमजोर हुन्छ जस्ता भ्रमले अभिभावकहरू अङ्ग्रजीप्रति आकर्षित भएकाले मातृभाषामा शिक्षा चुनौतीपूर्ण बनेको धारणा अगाडि सारेका छन् । त्यसै गरी भाषा आयोगको प्रतिवेदन (२०८१) का अनुसार पनि मातृभाषामा शिक्षा दिने नीति स्पष्ट छैन। अन्तर्राष्ट्रिय भाषाप्रतिको बढ्दो लगावका कारण मातृभाषामा शिक्षा बारे अभिभावकमा उदासिनता देखिन्छ । यसबाट पनि अभिभावकको अङ्ग्रेजी मोहले मातृभाषाको शिक्षा थप चुनौतीपूर्ण बनेको देखिन्छ।

बहुभाषिक शिक्षाको सिद्धान्तअनुसार युनेस्को तथा शिक्षाविद्हरूले मातृभाषामा प्रारम्भिक शिक्षा दिनु बालबालिकाको सिकाइमा प्रभावकारी हुने बताएका छन् । जसअनुसार मातृभाषामा पठनपाठन गर्दा विद्यार्थीलाई विषयवस्तु राम्रोसँग बुझ्न र तार्किक ढङ्गले अभिव्यक्त गर्न सजिलो हुन्छ भन्ने ठानिन्छ । संरचनागत शिक्षण सिद्धान्तअनुसार जिन पियाजे र लिभ भिगोत्स्कीको शिक्षण सिद्धान्तअनुसार बच्चाहरू आफै अनुभव र सजावटबाट सिक्छन् । मातृभाषामा पढ्दा उनीहरू आफ्नो अनुभव र पूर्वज्ञानलाई सजिलै जोड्न सक्छन् । मातृभाषामा शिक्षणको

प्रभावकारीतालाई हेर्दा मातृभाषाको माध्यमबाट सिकाइ गर्दा शिक्षामा सहभागी हुने दर बढ्छ । शिक्षामा समावेशीकरणको सम्भावना वृद्धि हुन्छ भन्ने ठानिन्छ।

भाषा, संस्कृति र पहिचानअन्तर्गत मातृभाषामा शिक्षाले विद्यार्थीको सांस्कृतिक पहिचानलाई प्रवर्धन गर्छ । विद्यालयमा मातृभाषा प्रयोग गर्दा विद्यार्थी र समुदायबिचको सम्बन्ध प्रगाढ हुन्छ। समाजमा मातृभाषाको स्थान हेर्दा नेपालजस्ता बहुभाषिक समाजमा मातृभाषाको औपचारिक शिक्षणले सामाजिक विविधतालाई सम्बोधन गर्न सहयोग पुऱ्याउँछ। बहुभाषिक शिक्षा प्रणालीले समुदायको भाषिक अधिकारलाई सुनिश्चित गर्छ। त्यस्तै भाषा वैज्ञानिक दृष्टिले हेर्दा भाषिक सम्प्रेषण र अधिगमका दृष्टिले हेर्दा मातृभाषामा सिकाइ गर्दा बालबालिकाको भाषा अधिगम प्राकृतिक रूपमा हुन्छ। नोम चम्स्कीको भाषा अधिगम सिद्धान्तअनुसार मातृभाषा सिकाइ जैविक प्रक्रिया भएकोले यसैमार्फत् अन्य भाषाको आधार निर्माण गर्न सकिन्छ। अन्तरभाषिक प्रभावलाई हेर्दा मातृभाषा बलियो भएमा विद्यार्थीहरूले दोस्रो भाषा तथा अन्य भाषा सजिलै सिक्न सक्छन्। "बहुभाषिक वा मातृभाषिक शिक्षासम्बद्ध सरोकारवाला सबैको समन्वय, सहकार्य र एकीकृत प्रयास भएमा कक्षामा बहुभाषिकता सम्बोधनमा देखिएका समस्याहरू समाधान गरी मातृभाषामा आधारित बहुभाषिक शिक्षाका माध्यमबाट गुणस्तरीय शिक्षा प्रदान गर्न सकिन्छ" (श्रेष्ठ, २०२१) । मातृभाषामा आधारित शिक्षालाई गुणस्तरीय बनाउन सरोकारवाला पक्षको समन्वय, सहकार्य र एकीकृत प्रयास हुनु जरुरी देखिन्छ अन्यथा मातृभाषाको आधार कमजोर भएमा अन्य भाषाको सिकाइमा समेत कठिनाइ उत्पन्न हुन सक्छ।

संज्ञानात्मक विकासअन्तर्गत भिगोत्स्कीको 'जोन अफ प्रोसिमल डेभलपमेन्ट' अवधारणाले मातृभाषामा सिकाइ गर्दा संज्ञानात्मक स्तरमा सुधार हुने देखाउँछ। मातृभाषा प्रयोग गर्दा आत्मविश्वास वृद्धि हुन्छ र सिकाइप्रति सकारात्मक दृष्टिकोण विकास हुन्छ। प्रभावकारी सिकाइ वातावरणका दृष्टिले हेर्दा बालबालिकाले आफै सहज महसुस गर्ने भाषामा सिक्दा उनीहरूको शिक्षामा सक्रिय सहभागिता बढ्छ । मातृभाषामा सिकाइ गर्दा भावनात्मक रूपमा विद्यार्थीहरू सुरक्षित महसुस गर्छन्।

नेपालको शिक्षा नीतिको आधारमा नेपालको संविधानले मातृभाषामा शिक्षाको सुनिश्चितता गरेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले आधारभूत तहमा मातृभाषामा शिक्षा दिने व्यवस्था गरेको छ । उपयुक्त शिक्षण विधि, समाजशास्त्रीय परिप्रेक्ष, भाषावैज्ञानिक आधार र नीति व्यवस्थापनको सन्तुलित संयोजनबाट मात्र मातृभाषा शिक्षण प्रभावकारी बन्न सक्छ। "शिक्षा प्राप्त गर्ने मानिसको नैसर्गिक अधिकारलाई सुरक्षित गर्न मातृभाषाको अहम् भूमिका हुन्छ" (पौडेल र भट्टराई, २०७७, पृ. ८८)। मातृभाषाको शिक्षाले मानिसको शिक्षासम्बन्धी हकलाई पनि सुरक्षित गर्ने भएकाले मातृभाषामा शिक्षा दिनु आवश्यक छ । मातृभाषामा आधारित शिक्षाको सशक्त कार्यान्वयनले विद्यार्थीहरूको शैक्षिक उपलब्धि, भाषिक पहिचान र समाजमा भाषाको स्थानलाई मजबुत बनाउन सहयोग गर्छ।

अध्ययन विधि तथा प्रक्रिया

प्रस्तुत लेख गुणात्मक ढाँचामा आधारित छ । यसको अध्ययन क्षेत्र मातृभाषामा पठनपाठन भएका चितवन जिल्लाका एउटा सामुदायिक र एउटा निजी गरी दुईओटा विद्यालय र तनहुँ जिल्लाको एउटा समुदायिक विद्यालयलाई छनोट गरिएको छ । यसमा गहिरो अन्तर्वार्ताको माध्यमबाट तथ्यहरू सङ्कलन गरिएको छ । अध्ययनको क्रममा सहजताका लागि चितवन जिल्लाको मातृभाषामा पठनपाठन हुने निजी विद्यालयलाई विद्यालय 'क', मातृभाषाको पठनपाठन सुरु भएर बन्द भएको विद्यालयलाई विद्यालय 'ग' र तनहूँ जिल्लाको मातृभाषाको पठनपाठन सुरु भएको विद्यालयलाई विद्यालय 'ख' ले सङ्केत गरिएको छ । यी विद्यालयहरूका सम्बन्धित मातृभाषा शिक्षकहरू तीन जना, प्रधानाध्यापकहरू तीन जना, सम्बन्धित विद्यार्थीहरू चौध जना, अभिभावकहरू सात जना, विद्यालय व्यवस्थापन समिति सदस्य एक जना, स्थानीय सरकारका प्रतिनिधि वडा अध्यक्ष एक जना र स्थानीय पाठ्यक्रमका रूपमा मातृभाषाको पाठ्क्रम तथा पाठ्यपुस्तक निर्माता एक जना गरी जम्मा तिस जना

सहभागीहरू रहेका छन् । उहाँहरूमध्ये चितवनको चेपाङ भाषामा पढाइ हुने निजी विद्यालयमा म पहिलो पटक पुगेर प्र.अ. र विषय शिक्षकलाई भेटेर परिचय गरी मातृभाषामा शिक्षासम्बन्धी कुराकानी गरेँ। त्यसपछि कक्षा ५ का विद्यार्थीहरूसँग भेटेर कही कुरा गरी फर्किएँ । अर्को पटकको भेटमा कक्षा ४ र ५ मा चेपाङ भाषाको कक्षा अवलोकन गरेँ । संयोगले त्यस दिन कक्ष ३ देखि कक्षा ५ सम्मको अभिभावक भेला रहेछ । सोही कार्यक्रममा अभिभावक र विद्यार्थीसँग निकै लामो समय कुराकानी गरेँ । मुख्य कुरा नोट गरी घर फर्किएपछि सात पानाको फिल्ड नोट तयार गरेँ। अर्को सामुदायिक विद्यालय त्यही बाटामा पर्ने र त्यस विद्यालयको प्र. अ. चिनजानको पनि भएकोले अर्को दिन भेटेँ। मातृभाषामा पठनपाठन सुरु गरेर बन्द भएको पीडा सुनाउनु भयो। त्यसलाई पनि नेट गर्दै गएँ । त्यस दिन विद्यालय छुट्टी हुने सभयमा बच्चा लिन आएका अभिभावक र केही बच्चासँग भेट गराई कुराकानी गराइदिनु भयो। त्यसलाई पनि नोट गरी साँझ ३ पाना लामो फिल्ड नोट तयार गरेँ। त्यसपछि अर्को हप्ता शनिबार स्थानीय जनप्रतिनिधिको सहयोगमा तनहुँ जिल्लाको व्यास नगरपालिका वडा नं. १४ मा रहेको केशवटार पुगेँ। भेलिपल्ट बिहान स्थानीय अभिभावक र स्थानीय पाठ्यक्रम निर्माता तथा मगर भाषा विज्ञसँग कुराकानी गरेँ। ९:३० बजे विद्याय प्रवेश गरी प्र. अ. र मातृभाषा शिक्षकसँग कुराकानी गरी भाषा कक्षातिर गएँ। कक्षा १ मा मगर भाषाको पढाइ सुरु भयो। मगर ढुटको आक्खा लिपिबाट गणितको अवधारणा सिकाइको अवलोकन र केही फोटा र केही भिडियो पनि खिचेँ। त्यसपछि विद्यालय नजिकै रहेको व्यास-१४ को वडा कार्यालय पुगेर वडाध्यक्ष तथा वडा सदस्य एवम् वि.व्य.स. सदस्यसँग गहिरो कुराकानी गरेँ। केशवटारमा गरिएका केही कुराकानी बाहेक सबै कुराकानी रेकर्ड गरी घर फर्किए पछि सबैको लिप्यान्तरण गरेँ। त्यसपछि चितवन र तनहुँबाट जम्मा गरेको सामग्रीलाई राखेर कोडिङ गरी ४२ कोड निर्माण गरेँ। मिल्दाजुल्दा कोडहरूको वर्गीकरण गरी ५ ओटा थिम निर्माण गरेँ। ती थिमलाई अन्तर्वार्ताबाट प्राप्त भनाइहरू सिद्धान्तसँग त्रिकोणात्मक रूपमा दाँजेर विश्लेषण गरिएको छ। ती थिमहरूलाई (क) स्थानीय पाठ्क्रमको रूपमा (ख) संस्कृति संरक्षणको रूपमा (ग) सिकाइ प्रकृतिको रूपमा (घ) नीति कार्यान्वयनका रूपमा (ङ) चुनौतीको रूपमा अङ्ग्रेजी मोह उपशीर्षकमा राखेर व्याख्या विश्लेषण गरी निष्कर्षमा पुगिएको छ।

परिणाम तथा छलफल

प्रस्तुत अध्ययनमा प्राप्त तथ्य र तिनको विश्लेषणलाई विभिन्न थिम निर्माण गरी मातृभाषाका सन्दर्भमा स्थानीय पाठ्यक्रमको रूपमा, संस्कृति संरक्षणको रूपमा, सिकाइ प्रकृतिको रूपमा, नीति कार्यान्वयनका रूपमा, चुनौतीको रूपमा जस्ता उपशीर्षकहरू दिएर प्रस्तुत गरिएको छ :

स्थानीय पाठ्यक्रमको रूपमा

नेपालमा २५ भन्दा बढी मातृभाषामा पाठ्यसामग्री निर्माण र पठनपाठन हुने गरेको पाइन्छ। विद्यालय तहमा स्थानीय पाठ्यक्रमका रूपमा मातृभाषा पठनपाठन गर्नाले साना कक्षाहरूमा शिक्षण सिकाइको स्थितिमा सहजता भएको देखिन्छ। यस सन्दर्भमा विद्यालय ‘क’ को मातृभाषा शिक्षण गर्ने शिक्षकले स्थानीय विषयका रूपमा मातृभाषामा शिक्षण गर्दाको आफ्नो अनुभव यसरी बताएका छन् :

> *हाम्रो विद्यालय लिटिल फ्लावर सोसाइटीको भएकाले यहाँ खास समाजका बालबालिकाहरू पठनपाठनका लागि आउँछन् । उनीहरू घरपरिवार छोडेर आवसीय रूपमा पढ्न आउनेभएकाले उनीहरूलाई पारिवारिक भाषिक वातावरण प्रदान गर्नका लागि र स्थानीय रूपमा वरिपरि भएका सम्पदा तथा स्थानहरूको जानकारीका लागि पनि उनीहरूकै मातृभाषामा सिक्न सिकाउन सजिलो हुने भएकाले स्थानीय पाठ्क्रमका रूपमा चेपाङ मातृभाषामा पठनपाठन सञ्चलन गरेका छौँ। कक्षा ३-५ सम्म एउटा विषय स्थानीय पाठ्क्रमका रूपमा विगत १९ वर्षदेखि शिक्षण सिकाइ क्रियाकलाप गराइरहेको छु ।*

> *आफ्नो मातृभाषामा सिक्न पाउँदा बालबालिका खुसी हुने र निकै उत्साहित हुने भएकाले छिट्टै सिक्ने गरेका छन् ।*

उक्त भनाइका अधारमा पनि बालबालिकाले मातृभाषामा सरल र सहज वातावरणमा सिक्न सक्छन् भन्ने बुझ्न सकिन्छ । त्यसै गरी मातृभाषामा पढ्दै गरेको एक जना विद्यार्थीलाई आफ्नै भाषामा पढ्न पाउँदा कस्तो लाग्छ भन्ने प्रश्नको उत्तरमा उनले यसरी बताएका छन् :

> *आफ्नै भाषामा पढ्न पाउँदा को खुसी नहोला र ? आम्मै कति खुसी लाग्छ नि, त्यतिबेला त आफ्नै भाषामा कुराकानी गर्न पनि पाइन्छ । हामीले सिकेको थाहै हुँदैन, समय बितेको पत्तै हुँदैन । अरू विषय पनि यसरी आफ्नै भाषामा पढ्न पाए त राम्रो हुन्थ्यो नि, पाइँदैन ।*

विद्यार्थीको यो विचारबाट पनि स्पष्ट हुन्छ कि, बालबालिकाहरूले सिक्न सहज मातृभाषामा नै गर्छन् । यसै प्रसङ्गमा अर्का विद्यार्थीले,

> *हामीलाई हाम्रो मातृभाषामा पढ्न जति सजिलो अरू विषयको हुँदैन । हाम्रो भाषामा बोल्दा आफ्नै घरमा बोलेको जस्तो महसुस हुन्छ । त्यसैले सबै जना रमाउँदै पढ्छौँ।*

भन्ने आफ्नो विचार व्यक्त गरे । उक्त भनाइबाट पनि मातृभाषामा पठनपाठन गर्दा विद्यार्थीहरूले पारिवारिक भाषिक वातावरणको महसुस गर्दै रमाउँदै पढ्ने गरेको पाइयो । यसै प्रसङ्गमा विद्यालयका फादर (प्रधानाध्यापक) को विचार यसप्रकार रहेको छ :

> *हाम्रो यस विद्यालयमा एउटै समुदायका बालबालिकाहरू मात्र भएकाले उनीहरूले आफ्नो मातृभाषाको माध्यमबाट स्थानीय विषयको पठनपाठन गर्दा छिट्टै सिकेको र खुसी भएर रमाएको मैले अनुभव गरेको छु । विद्यालय समयभन्दा अरू समय पनि उनीहरू विद्यालयमै रहने हुनाले पनि अन्य विषयको समेत आफ्नै भाषामा छलफल गरेको पनि पाएको छु ।*

विद्यालयका फादरको यस अनुभवबाट पनि यो स्पष्ट हुन्छ कि विद्यार्थीहरूले आफ्नो मातृभाषामा पढ्न पाउँदा खुसी भएर रमाउँदै उत्साहित भएर सिक्न सक्छन् । यसै सन्दर्भमा एक जना अभिभावकले आफ्नो विचार यसरी व्यक्त गरेका छन् :

> *हाम्रा नानीबाबुले अङ्ग्रेजीका साथै आफ्नै मातृभाषामा पनि पढ्न पाएका छन् । हामी निकै खुसी छौँ । हामी अभिभावक पनि आफ्नो भाषामा पढाइ हुँदा निकै खुसी छौँ ।*

आफ्ना नानीबाबुले आफ्नै मातृभाषामा रमाइ रमाइ पढ्न पाएका कुराले अभिभावकहरू पनि निकै खुसी भएको देखियो । यही प्रसङ्गमा विद्यालय 'ख' को सहभागीहरूको पनि धारणा विभिन्न प्रकारका रहेका छन् : तनहुँ जिल्लाको मातृभाषाको पढाइ हुने विद्यालयमा स्थानीय पाठ्यक्रमको रूपमा 'कान ड कानूङ मगर ढूट' नामक पुस्तक 'मगर ढूट' को पठनपाठनको लागि राखिएको छ । मगर ढूटको पठनपाठन 'अक्खा लिपि' बाट हुने गरेको पाइयो । मातृभाषाको पठनपाठन हुने विद्यालयमा मगर ढूट पढाउने शिक्षकले आफ्नो शिक्षण अनुभवहरू खुसी हुँदै यसरी व्यक्त गर्नुभयो :

> *हाम्रो यस विद्यालयमा शैक्षिक सत्र २०८१ बाट स्थानीय विषयको रूपमा मातृभाषाको (मगर ढूट) पठनपाठन सुरुवात गरेका हौँ । मैले मगर मातृभाषी शिक्षकको रूपमा शिक्षण सिकाइको सुरुवात बल्ल गरेको हुँ । म एक मगर मातृभाषी शिक्षक हुँ । मातृभाषाको पठनपाठन कक्षा १ बाट सुरु गरेकोमा म निकै खुसी छु । साना साना नानीबाबुहरूले खुसी हुँदै आफ्नै मातृभाषाको सिकाइ घरपरिवारमै बोलेको भाषामा सिक्न पाएका छन् । आफ्नो भाषामा पढ्न लेख्न पाउँदा बालबालिका निकै खुसी छन् । सिक्न उत्साहित हुँदै पढ्न, लेख्न र कुराकानी गर्न सक्रिय छन् ।*

यसबाट पनि बालबालिकाहरू मातृभाषामा पढ्न, लेख्न र छलफल गर्न निकै उत्साहित हुने र सजिलै सिक्ने हुन्छन् भन्न सकिन्छ। यसै प्रसङ्गमा एक जना विद्यार्थीको भनाइ यस्तो रहेको छ :

> *हामी खुसी छौँ। घरको भाषामा पढ्न पाइन्छ। गुरुआमा पनि हामी जस्तै बोल्नुहुन्छ। हामी हाम्रै भाषामा बोल्ने, कुरा गर्ने, गीत गाउने र लेख्ने गर्छौँ। हाम्रो भाषा पढ्ने बेलामा त रमाइलो हुन्छ।*

यसरी बालबालिकाहरू मातृभाषाको पठनपाठन हुँदा निकै रमाइले मान्ने र सहजै सिक्न सक्छन् भन्ने कुरा थाहा पाइयो। यसै प्रसङ्गमा अर्का एक जना सहभागी विद्यार्थीले आफ्नो विचार यसरी व्यक्त गरेका छन् :

> *हामीले एउटा विषय हाम्रो आफ्नै मातृभाषामा पढ्न पाएका छौँ। आफ्नो भाषामा पढ्न पाउँदा एकदम खुसी लाग्छ। हामीलाई रमाइलो पनि लाग्छ। कक्षाकोठामा एउटा विषय आफ्नो मातृभाषामा बोल्न र पढ्न पाउँदा आनन्दको अनुभव हुन्छ।*

सहभागीको भनाइबाट पनि मातृभाषामा पठनपाठन गर्न पाउँदा विद्यार्थीहरू निकै खुसी भएको पाइयो। यसै विषयमा विद्यालयका प्रधानाध्यककको विचार यस प्रकार रहेको छ :

> *बहुसङ्ख्यक मातृभाषी विद्यार्थीहरू भएको विद्यालय वा एकलभाषी कक्षाकोठामा उनीहरूको मातृभाषामा पठनपाठन हुनु अपरिहार्य छ। बालबालिकाले आफ्नो मातृभाषामा जति सरल र सहज तरिकाले सिक्छन् उति नै सिकाइ अन्य भाषाबाट जटिल हुन्छ। बालबालिकाहरू घरपरिवारको भाषिक वातावरणबाट विद्यालय आउँदा विद्यालयमा पनि उनीहरूले आफ्नै मातृभाषाको भाषिक वातावरण पाउन सके भने उनीहरू सिक्नका लागि उत्साहित हुन्छन् र खुसी हुँदै सिक्छन्। हाम्रो विद्यालयमा मातृभाषाको सिकाइ सरल र सहज तरिकाले भएको छ।*

विद्यालयको प्रधानाध्यापकको उक्त भनाइबाट पनि बालबालिकाहरू मातृभाषाको शिक्षण सिकाइबाट रमाइ रमाइ सरल ढङ्गले सिकेका छन्। यसै सन्दर्भमा विद्यालय व्यवस्थापन समितिका सदस्यको विचार यस प्रकार रहेको छ :

> *हाम्रो यस विद्यालयमा ९५ प्रतिशतभन्दा बढी विद्यार्थीहरू मगर मातृभाषी छन्। हाम्रो समुदाय पनि लगभग एकल भाषिक रहेको छ। अहिले हामीले मगर मातृभाषालाई स्थानीय पाठ्यक्रमको रूपमा पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरी ठपनपाठन व्यवास्था गरेका हौँ। मगर मातृभाषाको पठनपाठनको प्रभावकारीता कस्तो छ भन्ने कुरा त मूल्याङ्कनको पाटो छँदैछ। मगर मातृभाषाको पढाइले बालबालिकामा सिकाइ सजिलो, सरल र सहज भएको कुरा मैले अनुभव गरेको छु। यसको लागि हामीले मातृभाषाको शिक्षण गर्ने शिक्षकलाई प्रोत्साहन भत्ताको पनि व्यवस्था गरेका छौँ।*

विद्यालय व्यवस्थापन समितिका सदस्यबाट पनि मातृभाषाको पठनपाठनले सिकाइमा सरलता आएको जानकारी पाइयो। यसै सन्दर्भमा स्थानीय जनप्रतिनिधि वडा अध्यक्षले आफ्ना प्रयासहरू यसरी बताउनुभयो :

> *म यस विद्यालयको पूर्वप्रधानाध्यापक पनि भएकोले स्थानीय पाठ्यक्रमको रूपमा मगर मातृभाषाको पठनपाठन सुरु गर्न सक्दो प्रयास गरेँ। नगर परिषदबाट निर्णय गराएर बजेटको पनि व्यवस्था गरियो। स्थानीय मगर मातृभाषा विज्ञलाई पाठ्यक्रमको तालिम दिएर पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरी यसै शैक्षिक सत्रदेखि लागु गर्‍यौँ। बालबालिकाहरू पनि रमाउँदै सरल तरिकाले आफ्नै मातृभाषामा सिकेको कुरा मैले बुझेको छु।*

यसरी वडा अध्यक्षले पनि विद्यार्थीहरूले मातृभाषामा पारिवारिक भाषिक वातावरणमै सिकेका कुरा बताउनुभयो। यसै प्रसङ्गमा स्थानीय पाठ्यक्रमको रूपमा मगर ढूटको पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माता मातृभाषा विज्ञले आफ्नो विचार यसरी व्यक्त गरेका छन् :

> *स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माणको लागि हाम्रो वडा शिक्षा समितिले मलाई सुवर्ण अवसर उपलब्ध गरायो । मैले स्थानीय विज्ञहरूको सरसल्लाह र आफ्नो विज्ञताको प्रयोग गरी मातृभाषाको पाठ्यसामग्री निर्माण गरेँ । त्यही पाठ्यक्रम यस विद्यालयमा लागु गरिएको छ । म पनि यसै विद्यालयमा कार्यरत शिक्षक भएकोले मातृभाषाको शिक्षण अवस्थाको अनुगमन गरिरहेको छु । मातृभाषाको पठनपाठन सुरुवात गरेपछि बालबालिकाहरू नियमित विद्यालय आएको पनि पएको छु । मसँग त उनीहरू मातृभाषामा नै कुराकानी पनि गर्छन् ।*

उक्त भनाइबाट पनि बालबालिकाहरू मातृभाषाको सिकाइबाट प्रभावित भएर विद्यालय नियमित आएको पनि पाइयो । यसै सन्दर्भमा सहभागी एक अभिभावकले आफ्नो अनुभव यसरी सुनाए :

> *हाम्रा नानीबाबुले हाम्रो आफ्नै मातृभाषाको पठनपाठन सुरुगरेकोमा हामी खुसी छौँ । हामी बोल्न सक्छौँ तर हाम्रो लिपिमा लेख्न सक्दैनौँ तर हाम्रा बालबालिकाले आफ्नै मातृभाषाको लिपिमा लेख्न सुरुवात गरेका छन् । उनीहरूले घरमा पनि रमाइ रमाइ पढ्ने गरेका छन् । अभिभावकसँग नजिक आएर बस्ने विद्यालयमा मातृभाषामा पढेका कुराहरू सुनाउने गर्न थालेका छन् ।बालबालिका मातृभाषाको पढाइले खुसी भएर दिनदिनै विद्यालय आउन पनि उत्साहित भएका छन् । हामीले पनि बालबालिका सँगसँगै बसेर उनीहरूसँगै लिपिमा लेख्न सिकेका छौँ ।*

अभिभावकको उक्त भनाइबाट पनि विद्यार्थीहरूले रमाउँदै मातृभाषाको सिकाइ पारिवारिक भाषिक वातावरणमा गर्न थालेका छन् र अभिभावकले पनि आफ्ना बालबालिकासँगै लिपिमा लेख्न सिकेका छन् भन्ने कुरा थाहा पाइयो । संरचनागत सिकाइ सिद्धान्तले जोड दिएको मातृभाषामा पढ्दा बालबालिकाले आफ्नो अनुभव र पूर्वज्ञानलाई सजिलै जोड्न सक्छन् भन्ने धारणासँग यो कुरा मेल खान जाने देखिन्छ । यस अध्ययनले पनि मामृभाषामा पढ्दा सहज र सरल तरिकाले सिकेको पाइयो । मातृभाषाको माध्यमबाट शिक्षण सिकाइ गर्दा सहभागीता हुने दर बढेर शिक्षामा समावेशिताको सम्भावना बढेको तथ्य विभिन्न सहभागीको अनुभवबाट प्राप्त भयो । यसबाट आधारभूत तहमा मातृभाषामा पठनपाठन गर्दा बालबालिकाले पारिवारिक भाषिक वातावरण पाउने हुनाले भावनात्मक रूपमा सुरक्षित महसुस गर्छ र सहज रूपमा सहभागिता बढ्छ ।

स्थानीय पाठ्यक्रमकै रूपमा थारू मातृभाषाको पठनपाठन सुरु गरेको विद्यालय 'ग' मा भने कक्षा सञ्चालन भएको पहिलो तीन महिनामा नै पठनपाठन बन्द गर्नुपर्ने अवस्था सिर्जना भएको कुरा विद्यालयका प्रधानाध्यापकले यसरी बताउनुभयो :

> *हाम्रो विद्यालयमा स्थानीय पाठ्यक्रमको रूपमा थारू मातृभाषाको पठनपाठन त सुरु गर्‍यौँ । स्थानीय पालिकाले अनुमति दियो तर स्रोतसाधनको उचित व्यवस्थापन नहुँदा र समुदायमा बृहत् र व्यापक छलफल नहुँदा नतिजा उल्टो भयो । हाम्रा अभिभावकहरूको बढ्दो अङ्ग्रेजी मोहले गर्दा आफ्ना नानीबाबुहरूलाई अन्य संस्थागत विद्यालयमा सारेपछि बाध्य भएर हामीले नै थारू मातृभाषाको कक्षा बिचमै रोक्यौँ ।*

यसरी विना पूर्वाधार हतारमा मातृभाषाको कक्षा सञ्चालन गर्दा पनि कहिलेकाँही धोका हुने कुरा थाहा भयो । राष्ट्रिय शिक्षा नीति २०७६ ले आधारभूत तहमा मातृभाषामा शिक्षा दिने व्यवस्था गरेको छ तर समुदाय र अभिभावकको चाहना एकातिर हाम्रो शिक्षा नीति अर्कोतिर भएकाले हाम्रा आधारभूत तहमा मातृभाषामा शिक्षा दिने कुरा असहज र असफल बनेको विद्यालयको प्रधानाध्यापकको अनुभवबाट थाहा पाइयो ।

संस्कृति संरक्षणको रूपमा

भाषा मानिसको संस्कृति हो । भाषाको संरक्षण गरिएन भने मानिसको संस्कृति हराउँछ । यस सन्दर्भमा विद्यालय 'क' मा मातृभाषामा शिक्षण गरिरहेका शिक्षकले आफ्नो विचार यसरी बताएका छन् :

> *हाम्रो विद्यालयले मातृभाषामा शिक्षण सिकाइ गर्नुको मुख्य उद्देश्य बालबालिकाहरूले आफ्नो भाषा–संस्कृति संरक्षण गर्न सिकुन् भन्ने नै हो । हाम्रो विद्यालयका विद्यार्थीहरू कक्षा ३–१२ कक्षासम्म आवासीय रूपमा बस्ने हुनाले पनि संस्कृति संरक्षणमा मातृभाषामा पठनपाठन हुन अनिवार्य छ । उनीहरूलाई आफ्नो संस्कार संस्कृतिको महत्त्वका बारेमा मातृभाषामा शिक्षा दिनु आवश्यक छ । उनीहरूको संस्कृति, वेशभूषा एवम् चालचलन र जीवनशैली उनीहरूको घरपरिवार र घरपरिवारका सदस्यको भाषामा निहित हुन्छ। त्यसैले संस्कृति संरक्षणको लागि मातृभाषामा पठनपाठन हुन जरुरी छ।*

उक्त भनाइबाट संस्कृति संरक्षणको लागि मातृभाषामा शिक्षा दिनु आवश्यक छ भन्ने तथ्य प्राप्त भयो । यसै सन्दर्भमा अर्का एक जना सहभागी विद्यार्थीले यसो भनेका छन् :

> *हामीले हाम्रो मातृभाषामा पठनपाठन गरियो भने हामीले हाम्रो भाषा बोल्छौँ । हाम्रा रीतिरिवाज, चालचलन, चाडपर्व, वेशभुषा, धर्मसंस्कृतिको बारेमा पनि बुझ्दै सिक्दै गरिन्छ। आफ्नो संस्कार संस्कृति संरक्षण गरी भावी पुस्तालाई पनि हस्तान्तण गर्नुपर्छ। हामी अल्पसङ्ख्यक भएकाले पनि हाम्रो संस्कृति जोगाउनुपर्छ। यसको लागि पनि हामीलाई हाम्रो मातृभाषामा शिक्षा अति आवश्यक छ।*

सहभागी विद्यार्थीको भनाइबाट पनि संस्कृति संरक्षणको लागि बालबालिकालाई उनीहरूकै मातृभाषामा शिक्षा दिनु आवश्यक छ। यसै प्रसङ्गमा सहभागी अर्का एक जना विद्यार्थीले आफ्नो विचार व्यक्त गरेका छन् :

> *मातृभाषामा पढेपछि हामीले हाम्रो संस्कृतिलाई विकास गर्नुपर्छ । संस्कृति हाम्रो पहिचान भएकाले संस्कृति जोगाउने काम हाम्रो हो।*

यस भनाइबाट विद्यार्थीहरूले मातृभाषामा पठनपाठन गरेपछि आफ्नो संस्कृति बुझेर संरक्षण गर्ने सोंचको विकास विकास गरेको पाइयो। यसै सन्दर्भमा अर्का एक जना सहभागी अभिभावकले खुसी हुँदै आफ्नो विचार यसरी व्यक्त गरेका छन् :

> *हामीले जे काम गर्नुपर्थ्यो त्यो कुरा विद्यालयले गरिदिएको छ । यसमा हामी खुसी छौँ । हाम्रा धर्म, संस्कार, संस्कृति, चालचलन तथा खानपानका बारेमा विद्यार्थीले सिक्ने वातावरण पाएका छन् । उनीहरूलाई हामीले सिकाउँदा भन्दा गरु, गुरुआमाले भनेको विश्वास बढी हुन्छ त्यसकारण उनीहरूलाई संस्कृति संरक्षण गर्न विद्यालयमा हाम्रै भाषामा सिकाएकोमा म त निकै खुसी छु।*

अभिभावकको धारणाबाट पनि विद्यार्थीहरुको संस्कृति संरक्षण पाठ पनि विद्यालयले नै सिकाओस् भन्ने चाहना व्यक्त गर्नुभयो र विद्यालयले मातृभाषामा कक्षा सञ्चालन गरेकोमा पनि आफ्नो भाषा संस्कृतिको संरक्षण हुने बताउनुभयो । यसै सन्दर्भमा विद्यालय 'ख' मा मातृभाषाको शिक्षण गर्ने शिक्षकले पनि मातृभाषाको शिक्षाले संस्कृति संरक्षणमा महत्त्वपूर्ण भूमिका खेल्ने बताएका छन् :

> *उनले विद्यालयमा मातृभाषाको शिक्षाले बालबालिकाको आफ्नो भाषा, संस्कृति र रहनसहनको संरक्षण हुन्छ । भाषा संस्कृति बाँचे हाम्रो पहिचान रहन्छ । त्यसकारण विद्यालय तहका तल्ला कक्षाहरूबाट नै आफ्नो मातृभाषाको शिक्षण सबै विद्यालयहरुले गर्नुपर्छ जसले गर्दा सबैको संस्कृतिको संरक्षण हुन्छ।*

माथिको भनाइबाट पनि मातृभाषाको पठनपाठनले भाषा संस्कृतिको संरक्षणको कार्य अघि बढ्छ भन्ने कुराको पुष्टि भएको पाइयो। यसै सन्दर्भमा एक जना अर्का सहभागी विद्यार्थीले आफ्नो विचार यसरी व्यक्त गरेका छन् :

> *हामीले हाम्रो मातृभाषामा पढ्नुपर्छ। हाम्रो भाषाको संरक्षण गर्नुपर्छ। हाम्रो वेशभूषा, हाम्रा चाडपर्व, हाम्रो खानपान, चालचलन, हाम्रा स्थानीय सम्पत्ति जोगाउनु पर्छ भन्ने कुरा हाम्रो किताबमा पनि छ। त्यसैले हामीले हाम्रो मातृभाषाको पठनपाठन गरेर संस्कृति जोगाउनुपर्छ।*

यस विचारबाट बालबालिकामा आफ्नो संस्कृतिको संरक्षण गर्ने चेतनाको विकास मातृभाषाको पढाइबाट सिकिन्छ भन्ने चेतको विकास भएको पाइयो । यसै सन्दर्भमा अर्का एक जना सहभागी अभिभावकको अपेक्षा यस प्रकार रहेको छ :

> *हाम्रो मौलिक कला, संस्कृति, मौलिक खाना, मौलिक रहनसहन भएकाले ती संस्कृतिको संरक्षण संवर्धनमा हाम्रो मातृभाषाको शिक्षा हुनु जरुरी छ। शिक्षाले सबैको संरक्षण गर्छ। हाम्रा बालबालिकाले हाम्रो संस्कृति थाहा पाउनुपर्छ। विद्यालयमा सिकेको शिक्षाको प्रभावले बालबालिकामा परिवर्तन ल्याउँछ। हामीले भनेका कुराभन्दा गुरु गुरुआमाको कुरा सही हो भन्ने हुनाले पनि बालबालिकालाई विद्यालयबाट मातृभाषाको पढाइले संस्कृतिको संरक्षण गर्न सिकाउनुपर्छ।*

अभिभावकको उक्त अपेक्षाबाट बालबालिकाको आफ्नो भाषा संस्कृति संरक्षणको लागि पनि मातृभाषाको पठनपाठन गर्नु आवश्यक देखियो । मातृभाषामा पठनपाठनको समाजशास्त्रीय आधारले भाषा, संस्कृति र पहिचानको प्रवर्धन गर्छ भनेको छ। विद्यालयमा मातृभाषाको पठनपाठनले विद्यार्थी र समुदायबिचको सम्बन्ध प्रगाढ हुने सम्भावना माथि उल्लिखित शिक्षक, विद्यार्थी र अभिभावकको विचारबाट स्पष्ट हुन्छ। मातृभाषाको शिक्षणले विद्यार्थीको सांस्कृतिक पहिचानलाई प्रवर्धन गर्छ।

सिकाइ प्रकृतिको रूपमा

बालबालिकाले घरमा बोल्ने भाषा र विद्यालयको शिक्षण सिकाइको भाषा एउटै भएमा सिकाइमा सहजता हुन्छ। सिकाइ प्रकृतिका दृष्टिले बालबालिकालाई सिक्न र सिकाउन सजिलो मातृभाषामा हुन्छ। यस विषयमा विद्यालया 'क' मातृभाषी शिक्षकले मातृभाषामा सिकाउँदाको अनुभव यसरी व्यक्त गरेका छन् :

> *मातृभाषाका शिक्षण सिकाइ गर्दा विद्यार्थीले छिटो बुझ्ने गरेको पाएको छु। उनीहरूले छिटो स्मरण पनि गर्न सक्ने, निर्धक्क भन्न सक्ने र लेख्न सक्ने पाएको छु। उनीहरूले आफ्नै मातृभाषामा सिक्दा सरल र स्वभाविक महसुस गरेका छन्।*

शिक्षकको उक्त अनुभवबाट विद्यार्थीहरूले मातृभाषाका माध्यमबाट सिक्दा सरल र स्वभाविक रूपमा सिक्ने कुरा थाहा पाउन सकिन्छ। यसै सन्दर्भमा मातृभाषामा सिक्दै गरेको अर्को एक जना सहभागी विद्यार्थीले आफ्नो अनुभव यसरी व्यक्त गरेका छन् :

> *मातृभाषामा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन हुँदा हामीले सजिलैसित र छिट्टै सिक्ने गरेका छौँ। विद्यार्थीहरूले कक्षाकोठामा स्वतन्त्र रूपमा आफ्नो मातमृभाषामा बोल्न, छलफल गर्न, प्रश्नोत्तर गर्न, जबुझ्केका कुरा सोध्न, पढ्न, लेख्न, सिक्न र सिकाउने अवसर पाएमा सिकाइ अन्य भाषाको भन्दा छिटो तार्किक हुन्छ। हामीलाई गणित, अङ्ग्रेजी र नेपाली लेख्न र शुद्धसँग बोल्न कठिन लाग्छ। यी विषयहरू पनि मातृभाषामा पढ्न पाए सजिलैसित सिकाइ पनि हुने देखिन्छ।*

कक्षाकोठामा अन्य विषयहरूलाई पनि मातृभाषामा शिक्षण सिकाइ गर्न सके सिकाइ सरल र स्वभाविक, तार्किक र प्रभावकारी हुने थियो । यसै सन्दर्भमा मातृभाषाको शिक्षण भइरहेको विद्यालय 'ख' को शिक्षकको विचार यस प्रकार रहेको छ :

> *मातृभाषाको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थीहरू सिक्न उत्साहित हुने र छिट्टै सिक्ने गरेका छन्। बालबालिकाहरूमा सिक्ने र सिकाउने प्रक्रियामा सक्रिय रूपमा सहभागी हुन्छन्। अभ्यासमा*

> *जोड दिन्छन् । नजानेका र नबुझेका कुराहरू आफ्नै भाषामा सोध्ने र छलफल गर्ने गर्छन् । बढी अन्तर्क्रिया गर्दा उनीहरूले छिटै र स्वभाविक रूपमा सिक्ने गरेका छन् ।*

उक्त भनाइबाट पनि मातृभाषाको सिकाइमा विद्यार्थीहरू सक्रिय सहभागी भई अभ्यासमा जोड दिँदै सिक्नाले उनीहरूको सिकाइ प्रकृति स्वभाविक र छिटो सिक्ने देखिन्छ । यसै प्रसङ्गमा अर्का एक जना सहभागी विद्यार्थीले अफ्नो विचार यसरी व्यक्त गरेका छन् :

> *मातृभाषामा सिक्दा स्वतन्त्र भएर, खुलेर कुराकानी र छलफल गर्न पाइन्छ त्यसैले सिकाइ सजिलो लाग्छ । छिटो पनि बुझिन्छ ।*

सहभागीको उक्त भनाइबाट पनि विद्यार्थीले मातृभाषामा पठनपाठन गर्दा आफूलाई स्वतन्त्र महसुस गर्ने र खुलेर कुराकानी र छलफलमा सहभागी हुने कुरा थाहा पाइयो । यसै सन्दर्भमा अर्का विद्यार्थी सहभागीले आफ्नो विचार यसरी व्यक्त गरेका छन् :

> *मातृभाषामा पठनपाठन गर्दा सिकाइ सजिलो हुन्छ । नजानेको कुरामा छलफल गर्दा पनि हाम्रै भाषामा सजिलो लाग्छ मलाई त ।*

यस भनाइबाट पनि विद्यार्थीहरूले आफ्नै मातृभाषामा पठनपाठन गर्दा छिटो सिक्ने बभिन्छ । मातृभाषामा सिकाइ सिद्धान्तले मातृभाषामा पठनपाठन गदौ विद्यार्थीलाई विषयवस्तु राम्रोसँग बुझ्न र तार्किक ढङ्गले अभिव्यक्त गर्न सहज हुन्छ । मातृभाषा बलियो भएमा विद्यार्थीहरूले दोस्रो भाषा तथा अन्य विषय सजिलै सिक्न सक्छन् भने तापनि यहाँ मातृभाषाको माध्यमले अन्य विषयको पठनपाठन नहुने भएकोले उनीहरूलाई अन्य विषयको सिकाइमा कठिनाइ भएको कुरा अध्ययनले देखाउँछ । मेरो विचारमा उनीहरूको भाषा सिकाइ प्रकृति हेर्दा विद्यालयमा मातृभाषामा पठनपाठन गर्ने हो भने अन्य विषयको पनि सिकाइ प्रभावकारी हुने र विद्यार्थीको सिकाइ उपलब्धि बढ्ने देखिन्छ ।

नीति कार्यान्वयनका रूपमा

नेपालमा १२४ मातृभाषाहरू रहेका छन् । ती सबै भाषाहरूको लिखित स्वरूप नभए पनि कथ्य रूपमा बोलिचालीमा प्रयोगमा आएका पाइन्छन् । नेपालको संविधानले पनि मातृभाषामा शिक्षाको सुनिश्चिता गरेको छ । बहुसङ्ख्यक मातृभाषी भएका स्थानमा मातृभाषामा पठनपाठन पनि सुरु भएको छ । केही स्थानमा मातृभाषाको सुरुवात भए तापनि बन्द भएको अवस्था पनि छ । यसै सन्दर्भमा विद्यालय ‘ख’ का शिक्षकको भनाइ यसप्रकार रहेको छ :

> *सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा गरेको प्रविबद्धताको कार्यान्वयन र संविधानको मौलिक हकको व्यवहारमा लागु गर्न पनि मातृभाषामा पठनपाठन गर्नुपर्ने बाध्यता छ । त्यसमा विभिन्न जातीय तथा भाषिक सङ्घसंस्थाहरूको पनि जागरुकता देखिन्छ । मातृभाषाको शिक्षालाई स्थानीय विषयको रूपमा पनि पठनपाठन सुरु गरिएको छ भने मातृभाषामा शिक्षाका रूपमा पनि सुरु भएका छन् । मातृभाषामा शिक्षा निकै राम्रो पक्ष हो । मातृभाषामा पठनपाठन गर्दा सिकाइ कठिनाइ पनि कम भएको छ ।*

उक्त भनाइबाट सरकारले मौलिक हकको संरक्षण र कार्यान्वयन गर्न मातृभाषामा शिक्षा दिने व्यवस्था गरेको छ । यसै प्रसङ्गमा अर्का एक जना सहभागी विद्यार्थीको भनाइ यसप्रकार रहेको छ : *मातृभाषामा शिक्षा दिने व्यवस्थाले हामी निकै खुसी छौँ । हामीले हाम्रो भाषा पढ्न लेख्न पाउनु हाम्रो अधिकारको कुरा पनि हो । हामी हाम्रो भाषामा पढ्न पाएर निकै खुसी छौँ ।* सहभागी विद्यार्थीको भनाइबाट पनि मातृभाषामा शिक्षा पाउनु बालअधिकार हो । बालबालिकाहरू आफ्नो भाषामा पढ्न पाउँदा खुसी हुन्छन् भन्ने बुझिन्छ । यसै सन्दर्भमा विद्यालय ‘क’ का मातृभाषी शिक्षकको धारणा यस्तो रहेको छ :

> *हाम्रा विद्यार्थीहरू एउटा निश्चित समुदायका भएकाले हामीले सरकारको नीतिगत कुरासँगै जोडेर हाम्रा बालबालिकालाई मातृभाषामा शिक्षा दिन सुरु गरेका हौँ। हामीले कक्षा ३ बाट यस विद्यालयमा विद्यार्थी भर्ना गर्ने भएकाले कक्षा ३ सम्म त उनीहरू पारिवारिक भाषिक वातावरणमा रमाएका हुन्छन् । हामीले त्यो पारिवारिक भाषिक वातावरण कायम होस् भनेर पनि मातृभाषामा पठनपाठन सुरु गरेका हौँ।*

सहभागी शिक्षकको भनाइबाट सरकारको नीतिगत आधारमा रहेर विद्यार्थीहरूलाई पारिवारिक भाषिक वातावरण दिनका लागि मातृभाषामा शिक्षा दिएको तथ्य प्राप्त भयो। यसै प्रसङ्गमा अर्का एक जना सहभागी विद्यार्थीको विचार यस्तो रहेको छ : *सरकारले मातृभाषामा शिक्षाको व्यवस्था गरेर हामी र हामीजस्ता मातृभाषी विद्यार्थीहरूको मर्मअनुरूप कार्य गरेको छ। आफ्नो मातृभाषामा पढ्दा सबैको मुहारमा खुसी पनि देखिन्छ।* सहभागीको उक्त भनाइबाट पनि मातृभाषामा शिक्षाले मातृभाषी विद्यार्थीहरूलाई सिकाइमा सहजता भएको थाहा पाइयो। यसै सन्दर्भमा मातृभाषाको पठनपाठन सुरु गरेर तीन महिनापछि विद्यालय बन्द भएको विद्यालयको मातृभाषी शिक्षकको भनाइ यसप्रकार रहेको छ : *सरकारको नीति मातृभाषामा आधारभूत तहसम्मको शिक्षा रहे पनि समुदायका अभिभावक सचेत नभएसम्म कार्यान्वयनमा ल्याउन गाह्रो हुने रहेछ। सरकारले स्रोत साधन र अनुदानको व्यवस्था गरे पनि कार्यान्वयन गर्न अभिभावक सचेत हुनुपर्ने रहेछ।*

उक्त भनाइबाट मातृभाषामा पठनपाठन शिक्षालाई सफल बनाउन सबैभन्दा पहिला अभिभावक सचेत हुनुपर्ने नत्र कार्यक्रम नै विफल हुने रहेछ भन्ने कुरा यस अध्ययनको प्राप्ति हो। यसै सन्दर्भमा सहभागी एक अभिभावकको भनाइ यसप्रकार रहेको छ :

> *सरकारले मातृभाषामा शिक्षा दिने नीति लिएको कुरा हामीलाई थाहै भएन। हाम्रो भाषा पढ्न त विद्यालय किन पठाउने भन्ने सोचेर हाम्रा बच्चालाई विद्यालय सारेका हौँ। हाम्रो भाषा त घरमा पनि बोलिहाल्छन् नि विद्यालयमा किन पढाउने भन्ने हाम्रो सोंचाइ हो।*

यस भनाइबाट मातृभाषामा शिक्षा सफल बनाउन सबैभन्दा पहिले भाषिक समुदाय सचेत हुनुपर्छ भन्ने थाहा पाइयो। नीति तथा कानुनी आधारमा राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ ले पाठ्यक्रमका राष्ट्रिय खाकाका आधारमा विद्यालयले स्थानीय भाषामा पाठ्यक्रम तथा पाठ्यसामग्री निर्माण गरी लागु गर्न सक्ने व्यवस्था गरेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले आधारभूत तहमा मातृभाषामा शिक्षा दिने व्यवस्था गरेको छ। यस अध्ययनको विद्यालय 'क' र विद्यालय 'ख' मा सरकारको नीतिको आधारमा मातृभाषा शिक्षा सञ्चालन र मातृभाषाको शिक्षा सुरुवात भएको पाइयो तर विद्यालय 'ग' मा भने मातृभाषाको शिक्षा सुरुवात भएर केही समयपछि बन्द भएको पाइयो। मेरो विचारमा सरकारको नीति सबै विद्यालयमा लागू गर्न कठिन छ। सरकारले स्रोत साधनको व्यवस्था मौखिक र कागजी रूपमा गरे पनि व्यवहारमा लागु नहुँदा यो अवस्था आएको हो।

चुनौतीको रूपमा अङ्ग्रेजी मोह

पछिल्लो समयमा मातृभाषी विद्यालयमध्ये केही विद्यालयले अङ्ग्रेजी माध्यम अपनाएको पाइएको छ। यस सन्दर्भमा विद्यालय 'ग' को प्रधानाध्यापकको भनाइ यसप्रकार रहेको छ :

> *हामीले हाम्रो विद्यालयमा 'थारू' मातृभाषामा पठनपाठन सुरु गर्‍यौँ। स्थानीय पाठ्यक्रमका रूपमा एउटा विषयको पढाइ मातृभाषामा गर्ने निर्णय गरी पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरी शैक्षिक सत्र २०७२ वैशाखबाट सुरु गरियो। कक्षा १ मा ४५ प्रतिशत थारू मातृभाषी विद्यार्थीहरू र बाँकी अन्य भाषी विद्यार्थीहरू थिए। हामीले ४५ प्रतिशत विद्यार्थी थारू मातृभाषी हुन् भने बाँकी अन्य भाषी विद्यार्थी भएकाले मातृभाषाको सफल कार्यान्वयन हुन्छ सोचेर सुरुवात गर्‍यौँ तर असफल भइयो। अभिभावकले आफ्ना बच्चाहरूलाई अन्य विद्यालयमा सारे। कक्षाकोठा २५ प्रतिशत मात्र विद्यार्थी रहेपछि अङ्ग्रेजी माध्यम अपनाएर आफ्ना विद्यार्थी फिर्ता ल्याउन सफल भयौँ।*

प्रधानाध्यापकको यो भनाइबाट मातृभाषामा शिक्षा नीति कार्यान्वन गर्न विद्यालय मात्र इच्छुक भएर मात्र हुँदैन । स्थानीय समुदाय र अभिभावकमा पनि आफ्नो मातृभाषाप्रतिको सचेतता हुनुपर्दछ । समुदाय र अभिभावकको अङ्ग्रेजी मोहले मातृभाषामा पठनपाठन बन्द भएको बुझ्न सकिन्छ । यसै सन्दर्भमा एक जना सहभागी अभिभावकको भनाइ यसप्रकार रहेको छ :

> *वर्तमान समयमा सबैका बालबालिकाले अङ्ग्रेजी भाषा पढेर ठूला मानिस भएका छन् । हामीले हाम्रा बालबालिकालाई किन थारू मातृभाषामा शिक्षा दिने ? थारू भाषा त घरपरिवारमा बोलिहाल्छ नि ।*

उक्त भनाइबाट पनि स्थानीय अभिभावकको अङ्ग्रेजीको मोह कति छ भन्ने कुरा प्रस्ट देखिन्छ । यसै प्रसङ्गमा सहभागी एक विद्यार्थीको धारणा यस्तो रहेको छ :

> *हामीले एउटा मात्र विषय त मातृभाषामा पढेको हो । अरू विषय त अङ्ग्रेजी माध्यममा नै पढेका थियौँ । आफ्नो भाषामा पढ्दा निकै उत्सुकता हुन्थ्यो । घरमा बोलेको भाषामा पढ्न पाउँदा खुसी थियौँ तर लामो समय पढ्न पाइएन ।*

सहभागी विद्यार्थीको भनाइबाट पनि विद्यार्थीहरू मातृभाषामा नै पढ्न इच्छुक रहेको पाइयो । यसै प्रसङ्गमा अर्का एक जना थारू विमातृभाषी सहभागीको धारणा यसप्रकार रहेको छ :

> *हामीले पनि थारूभाषामा पढ्न पाउने भयौँ । साथीहरूको भाषा सिकेर उनीहरूसँग अरूले नबुझ्ने भाषामा पढ्न पाइयो । यो मेरो लागि नयाँ भाषाको सिकाइ हुन्छ भन्ने सोचेको थिएँ । थारू भाषामा पढेको मेरो अभिभावकलाई मन नपरेकोले एक महिना पछि मलाई अर्कै स्कुलमा भर्ना गरिदिनुभयो । हामी ९ जना साथी अर्को अङ्ग्रेजी स्कुलमा गयौँ तर रमाइलो लागेन । हामीले अभिभावकसँग नयाँ स्कुलमा नजाने भनेर जिद्दी गरेपछि एक महिनापछि फेरि आफ्नै विद्यालय फर्कियौँ ।*

सहभागीको विचारबाट अन्य भाषी विद्यार्थीले नयाँ भाषा सिक्न उत्सुकता देखाउँछ तर अन्य विद्यालयमा जान चाहन्न । अभिभावकको अङ्ग्रेजी मोह बढी छ तर बच्चाले अपनत्व महसुस गर्दैन भन्ने कुरा थाहा पाइयो । यसै सन्दर्भमा अर्को एक जना सहभागी अभिभावकको विचार यसप्रकार छ :

> *सबैको बच्चाले अङ्ग्रेजी माध्यममा पढ्छन् । अहिलेको जमानामा अङ्ग्रेजी नपढाएर किन थारू भाषा पढाउने भनेर अर्को स्कुल सार्‍यौँ । बच्चा त कहिले के कहिले के भनेर स्कुलै जान छाड्यो । फेरि स्कुलमा आएर सल्लाह गरेर फेरि आफ्नै विद्यालयमा खुरुखुरु आउन थाल्यो । अहिले त अङ्ग्रेजी माध्यममा राम्रोसँग पढेको छ मेरो बच्चाले ।*

सहभागी अभिभावकको भनाइमा पनि अभिभावकको अङ्ग्रेजी मोह स्पष्ट नै देखिन्छ । यस अध्ययनको क्षेत्र रहेको विद्यालय 'क' त निजी विद्यालय भइहाल्यो । अङ्ग्रेजी माध्यम हुने नै भयो । विद्यालय 'ख' मा पनि अङ्ग्रेजी माध्यमबाट नै पठनपाठन हुने कुराको जानकारी यस अध्ययनबाट प्राप्त भयो । वास्तवमा फ्याक (२०७५) ले भने झैँ अङ्ग्रेजी माध्यम नै गुणस्तरीय शिक्षा हो, अङ्ग्रेजी माध्यममा पढाउँदा अङ्ग्रेजी राम्रो हुने र मातृभाषाको प्रयोगले सिकाइ कमजोर हुन्छ भन्ने भ्रमले अभिभावकहरूको अङ्ग्रेजीप्रतिको आकर्षणले मातृभाषामा शिक्षा चुनौतीपूर्ण बनेको छ । मातृभाषामा पठनपाठन सुरु भएका विद्यालयहरू पनि अङ्ग्रेजी शिक्षाको प्रभावले गर्दा नै बन्द हुन पुगेको तथ्य यस अध्ययनबाट पनि प्राप्त भएको छ।

निष्कर्ष

मातृभाषामा शिक्षा उपयुक्त पाठ्यक्रम, समाजशास्त्रीय परिप्रेक्ष्य, भाषावैज्ञानिक आधार र नीति व्यवस्थापनको सन्तुलित संयोजन र स्थानीय अभिभावकको चेतनाको स्तरले मातृभाषामा शिक्षालाई प्रभाव पार्ने कुरा यस अध्ययनबाट प्राप्त तथ्यहरूले बताउँछ । स्थानीय पाठ्यक्रमको रूपमा मातृभाषाको पठनपाठन गर्दा स्थानीय ज्ञान,

सिप, प्रविधि र दक्षताको प्रयोग भएको छ। मातृभाषामा पठनपाठनले विद्यार्थीको विद्यालय उपस्थिति दर बढेको पाइनुका साथै शिक्षामा समावेशिता बढेको पाइयो । पारिवारिक भाषिक वातावरणमा सिकाइ क्रियाकलाप हुने भएकाले बालबालिकाले भावनात्मक रूपमा सुरक्षित महसुस पनि गरेको बुझियो । मातृभाषाको पठनपाठनले भाषा-संस्कृतिको संरक्षण भएको छ। भाषिक-सांस्कृतिक पहिचानको प्रवर्धन भएको छ। मातृभाषामा पठनपाठन हुँदा सिकाइ सरल, सहज, स्वभाविक र प्रभावकारी हुनुका साथै विद्यार्थीमा तार्किक क्षमता एवम् सिकाइ उपलब्धि बढेको पाइएको छ। नीतिगत रूपमा संविधानमा व्यवस्था भएको मौलिक हकको कार्यान्वयन भएको छ। राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ को मर्मअनुसार स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको निर्माण र कार्यान्वयन भएको छ। राष्ट्रिय शिक्षा नीति २०७६ को व्यवस्थाअनुसार आधारभूत तहमा मातृभाषामा शिक्षा दिने व्यवस्थाको कार्यान्वयनको थालनी भएको पाइए तापनि अभिभावकको बढ्दो अङ्ग्रेजी मोह र अङ्ग्रेजी माध्यम नै गुणस्तरीय र उत्कृष्ट शिक्षा हो भन्ने भ्रमले मातृभाषामा शिक्षा चुनौतीपूर्ण बनेको देखिन्छ।

सन्दर्भ सामग्री

घिमिरे, वासुदेव (२०६५), *समाज भाषा विज्ञान,* वाङ्मय प्रकाशन।

तामाङ, अमृत योञ्जन (२०६९), *बहुभाषिक शिक्षाका कुरा,* तामाङ समाज जापान।

नेपाल सरकार (२०७२), *नेपालमा बहुभाषिक शिक्षा शिक्षक स्वाध्ययन सामग्री,* शैक्षिक जनशक्ति विकास केन्द्र।

नेपाल सरकार (२०७६), *स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषा सहित),* शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र।

प्रधान, मिरा (२०२१), *मातृभाषा शिक्षणमा देखापरेका चुनौतीहरू,* JMC Research Jornal. Vol. x. No. 1 December.

पौडेल, राजेन्द्रप्रसाद र भट्टराई, रमेश (२०७७), *नेपालको भाषानीति र योजना आधार,* इन्टेलेक्च्युअल्ज बुक प्यालेस।

पौड्याल, शालिकराम (२०८१), *नेपाली प्रमुख भाषा र शिक्षणको अवस्था,* विकासको निम्ति शिक्षा २७ (१)।

फ्याक, प्रेम (२०७५), शिक्षामा अङ्ग्रेजी माध्यमको प्रयोग, भ्रम र यथार्थ, *शिक्षक मासिक,* (पुस), वर्ष ११, पूर्णाङ्क १२९।

यादव, योगेन्द्रप्रसाद (२०७४), *नेपालमा बोलिने भाषाहरू : सङ्कट र सम्भावना, साठी वर्षको भाषिक चर्चा,* प्रज्ञा प्रतिष्ठान।

लम्साल रामचन्द्र र खनाल, राजेन्द्र (२०७८), *प्राज्ञिक तथा सृजनात्मक लेखन र सम्पादन,* सनलाइट पब्लिकेसन।

विजुक्छे, नारायणमान (२०७७), *भाषा र राजनीति,* online majdor.Retrived from https://www.ifj.org.com.

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६७), *नेपाली भाषा र साहित्य शिक्षण,* विद्यार्थी पुस्तक भण्डार।

श्रेष्ठ, गोपालबहादुर (२०२१), *नेपालका विद्यालयमा मातृभाषामा सिकाइको स्थिति,* Interdisciplinary Research in Education. Volum 6, Issue 2.